

उत्तराखण्ड़ प्रान्तमा एउटा ढौंड भन्ने गाउँ छ। त्यस गाउँ पञ्चायतको भवनमा ससानी नानीहरू थिए। उनीहरू एउटा गीतको भाषाको तालमा नाच्दै थिए। गीतको भाषा यस्तो थियो– ठंडो पानी मेरा पहाड़ मा, ना जा स्वामी परदेशा' अर्थात् हाम्रो पहाडमा चिसो पानी छँदै छ। त्यसकारण हे स्वामी, हे पतिदेव, तपाई हामीलाई छाडेर विदेश वा परदेश नजानुहोस्। त्यो गीत एउटा मार्मिक गीत थियो। त्यस गीतले त्यहाँ बसेका सबैको मन छोएको थियो। त्यतिखेर मुसलधारे पानी पर्दै थियो। तैपनि दर्शकहरू पानीमा भिजेर नाच हेर्दै थिए। त्यो नाच हेर्नेमा कैयौं विवाहित युवती र अधबैंसे महिलाहरू पनि थिए। धेरै वर्षदेखि उनीहरूका श्रीमान र छोराहरू विदेश मै छन्। केही बूढापाकाहरू पनि त्यो नाच कार्यक्रममा सहभागी थिए। उनीहरूले आ–आफ्ना जीवनका धेरैजसो समय परदेश वा विदेशको सेवामा लगाएका थिए। त्यहाँ साना–साना केटाहरू पनि थिए। सायद अलि ठूलो भएपछि उनीहरूलाई पनि विदेश जानुपर्ने होला।

यसरी पहाड़का गाउँहरूबाट पलायन हुने क्रम जारी छ। यस एउटा गीतले यस क्रमलाई कसरी रोक्ला ? तर गायक मण्डलीले गीत गाइरहेकै हुन्छ। आज त्यो मण्डली ढौंडमा छ भने भोलि डुलमोटमा पुग्छ। यस्तै त्यो जन्द्रीया, भरनों र उफरैंखालका तमाम ठाउँहरूमा भेटिन्छ। यो एउटा सांस्कृतिक आयोजना मात्र होइन। यस आयोजनामा केही गायक, नर्तक, एउटा हार्मोनियम र ढोलको पनि प्रबन्ध गरिएको हुन्छ। यस्तै यहाँ सयौं कोदाला र फरुवा पनि छन्। गाउँमा पानी परेर तीव्र गतिमा बग्छ। त्यो बग्ने पानी त्यहीं थामिइनुपर्छ। र, पैरो गएर बग्ने माटो त्यहीं रोकिइनुपर्छ। उजाड भएको खेतबारीमा पुनः खेतीपाती हुन सकोस्। यस्ता केही कामहरू हरेक गाउँमा गर्नुपरेको छ। यतिखेर आधुनिक विकासको नीतिको लहरै चलेको छ। तर यस्तो नीतिले गर्दा यहाँको जीवनको संगीत र लय बेताल भएको छ। त्यसलाई एकपल्ट फेरि सुरिलो एवं मधुरो बनाउने टोली चाहिएको छ। र, त्यो टोली हो–दुधातोलीको टोली।

आजभन्दा झण्डै एक्काईस वर्ष पहिलेको कुरो हो। त्यतिखेर उत्तराखण्ड़को पौडी गढवाल जिल्लाको दुधातोली इलाकामा उफरैंखाल पर्दथ्यो। त्यस ठाउँमा एउटा सानो टोली स्थापना गरियो। अहिले त्यो टोली एक सयजति गाउँहरूमा फैलिएको छ। यसले जताकतै आफ्नो काम आफैं गर्नुपर्ने वातावरण तयार गर्दै छ। आफैंले गरेका काममा वन, पानी, इन्धन, यश र स्वाभिमान आदि राम्रा कुरा प्राप्त गर्न सकिन्छ।

यस टोलीका एकजना विनम्र नायक हुनुहुन्थ्यो। उहाँको नाउँ हो–शिक्षक सच्चिदानन्द भारती। उहाँले उफरैंखालको क्याम्पसमा पढाउनुहुन्थ्यो। सन् १९७६ मा उहाँ चमोली जिल्लाको गोपेश्वर महाविद्यालयको विद्यार्थी हुनुहुन्थ्यो। तिनताका नै त्यहाँ प्रसिद्ध **'चिपको आन्दोलन'** जन्मियो। त्यसप्रति उहाँ जिज्ञासु हुनुहुन्थ्यो। त्योबेला भारतीजीले आफ्नो क्याम्पसको पढाइका साथै एउटा सजग विद्यार्थीका नाताले पहाडी जीवनको पर्यावरणसम्बन्धी अध्ययन गर्नुभयो। यस काममा उहाँको पूर्ण रुचि थियो। उहाँ पूरै निष्ठाका साथ यसमा लागिपर्नु भयो। 'चिपको आन्दोलन' का जनक हुनुहुन्थ्यो– श्री चण्ड़ि प्रसाद भट्ट। भारतीजी त्यस आन्दोलनका कैयौं मोर्चाहरूमा संघर्षरत हुनुहुन्थ्यो। र, पछि गएर उहाँले त्यसको रचनात्मक पक्षमा समेत सक्रिय भई काम गर्नुभयो। उहाँले संघर्ष र रचनाको संयुक्त पाठ त्यहींबाट नै सिक्नुभएको थियो।

सन् १९७६ मा भारतीजीको पढाइ सिद्धियो। त्यसपछि उहाँ पौडी जिल्ला आफ्नो गाउँ गाडखर्क, उफरैंखाल फर्किनुभयो। दुधातोली उत्तराखण्डको मध्य भागमा पर्दछ। यस क्षेत्रमा वन विभागले देवदारका रूखहरू कटान गर्दै छ। र, हिमालयमा पाइने एक किसिमको देवदार प्रजाति भोजवृक्ष सुस्त–सुस्त लोप हुँदै छ। यसका साथै पुराना रूखहरू सखाप हुँदै छन् र नयाँ बोटबिरुवा पलाउनुपर्ने थियो। तर ती पलाइरहेका छैनन्। भारतीजीले यस किसिमका खबर आफ्नो गाउँमा थाहा पाउनुभयो।

जे जसरी भए पनि वन कटानी रोक्नुपर्छ भन्ने भारतीजीको विचार थियो। यसका निम्ति उहाँले केही साथीहरू तयार गर्नुभयो।

उहाँ आफ्ना ती साथीहरूका साथ दुधातोली वनक्षेत्रसित जोडिएका गाउँतिर जानुभयो। पदयात्रा गर्दै ठाउँ–ठाउँमा मानिसलाई सम्झाउने–बुझाउने कोशिश गरियो। उहाँले आफ्ना भनाइ यसरी अघि सार्नुभएको थियो। 'यो वन अवश्य पनि सरकारको वन हो। तर यस वन कटान र विनाशको पहिलो मार गाउँलाई नै भोग्नुपर्ने छ। भलै यो वन हाम्रो होइन। तर विनाश भने हाम्रै हुनेछ। सबैले साथ दिएमा यस विनाशलाई रोक्न सकिन्छ।'

जनतालाई जागृत गर्ने र एकजुट हुने कुरा अघि सारियो। यसको आफ्नै धेरै पुरानो र लामो कथा–व्यथा पनि छ। यसलाई यहाँ दोहोऱ्याउनु उचित र आवश्यक ठान्दिनँ। तर यति नै भन्नु पर्याप्त होला। जस्तै, कैयौंपल्ट राम्ररी प्रस्तुत गरेका कुरा सरकार र अधिकारीले पनि बुझ्छन्। हमेसा संघर्ष र भिडन्तको बाटो लिनु जरुरी हुँदैन। दुधातोलीमा पनि यही भएको थियो।

त्यस क्षेत्रका निम्ति यो एउटा नौलो घटना थियो। यसबाट दुइटा परिणामहरू निस्किए। (क) मानिस एक ढिक्का भए भने सरकारका गलत कार्य र निर्णयलाई पनि रोक्न सकिने रहेछ, बदल्न सकिन्छ। (ख) एउटा ठूलो विनाश जोगियो भने फेरि त्यही स्थानबाट वनको सम्बर्धन गर्ने नयाँ कामको थालनीसमेत गर्न सकिन्छ।

एउटा पर्यावरण शिविरको आयोजना गरियो। उफरैंखालका छेउछाउ र केही टाढाका मानिसलाई त्यहाँ निम्त्याइयो। त्यहाँ नत कुनै साधन छ, नत कुनै सम्पर्क। तैपनि शिविर त राखिने नै भयो।

तर यसको लागि पैसा थिएन। खानामा पनि केही खर्च त हुन्छ नै। कसलाई भन्ने, कोसँग सोध्ने र माग्ने ? बडो फसाद पऱ्यो। तैपनि हिम्मत भने हारिएन। । र, अन्तमा नयाँ दिल्ली स्थित गान्धी शान्ति प्रतिष्ठानलाई पत्र लेखियो। त्यतिबेला त्यहाँबाट एक हजार रुपैयाँ सहयोग स्वरूप प्राप्त भएको थियो।

जुलाई, १९८० को समय थियो । यसरी दुधातोली क्षेत्रमा पहिलो पर्यावरण शिविर सम्पन्न भयो। मानिसहरूले आ–आफ्ना क्षेत्रका परिस्थिति, वनका अवस्था र कहाँ के–कति वन सखाप भएको छ आदिबारे एकअर्काका अघिल्तिर राखे। त्यहाँ नजानिदो किसिमले घटनाहरू घटिरहेका थिए। त्यस शिविरद्वारा ती सबै उदाङ्ग गरियो, भण्डाफोर भयो। र, तिनको मौनता टुट्यो। शिविर सिद्धिएपछि नजिकैको वनमा गएर सबैले वृक्षारोपण गरे।

दुधातोलीको यस प्रथम शिविरबाट यसरी त्यस क्षेत्रमा एउटा नयाँ विचारको बिरुवा रोपियो। पछि गएर यो नै यस भेगको गतिलो विकासको एउटा पुष्ट वृक्ष बन्ला। र, यसैको बाक्लो वृक्ष छायाँमा कतिपय विचार पलाउँदै जालान्। यो कुरो त्यतिखेर त्यस विचारलाई रोप्ने मानिसको दिमागमा पनि थिएन।

यस कार्यलाई व्यवस्थितरूपले चलाउनु जरुरी थियो। यसका लागि सन् १९८२ मा एउटा संस्था स्थापना गरियो। त्यस संस्थाको नाउँ थियो– 'दुधातोली लोक विकास संस्थान।' त्यस संस्थाको स्थापनाकालमा नै केही कुरा निश्चित गरिएका थिए। जस्तै, आफ्नो क्षेत्रमा पर्यावरण सम्बर्धनको काम त गर्नैपर्ने हुन्छ। यसोहुँदा

संस्थाको आधार त्यहाँकै मानिस र त्यहाँकै साधन हुनुपर्छ भन्ने ठोस विचार अघि सारियो। यसबारे पूरै ध्यान दिनुपर्ने कुरा पनि गरियो। र, शिविरका माध्यमबाट यी सबै कामहरू गरिनेछन् भन्ने अठोठ एक स्वरमा गरियो। यसका खातिर एउटा योजनासमेत तर्जुमा गरियो। वृक्षारोपण गर्ने हो भने आफूलाई चाहिने बोटवृक्षका बेर्ना र बीउ पनि आफैं नै तयार गर्नुपर्ने कुरो थाहा पाइयो। पहाडमा यसै पनि हरेक क्षेत्रमा शिक्षकहरूको महत्त्वपूर्ण भूमिका हुने गर्दछ। यस संस्थाको निर्माणमा वहाँहरूको अहं भूमिका रह्यो। यसैले भविष्यमा तर्जुमा गरिने योजनाहरूमा सबभन्दा पहिले आफ्ना विद्यार्थीतर्फ वहाँहरूको ध्यान आकर्षित भयो। त्यतिन्जेलसम्म स्कुलमा पर्यावरण सम्बर्धनसम्बन्धी एउटा विषयसम्म थिएन। तर अब त त्यहाँ यो विषय पढाइको मात्र नभएर जीवनको एउटा अंगका रूपमा देखापर्न थाल्यो।

विद्यार्थीहरूले पर्यावरणबारे शिक्षकबाट निकै प्रेरणा पाए। उनिहरुले थरीथरीका बीउको सङ्ग्रह गर्न लागे। सर्वप्रथम ओखरका बेर्नाहरूको एउटा नर्सरी बनाइयो। र, यी बिरुवाको बिक्री हुन थाल्यो। त्यहाँकै गाउँबाट त्यहाँकै संस्थालाई बेर्नाको बिक्रीबाट केही आम्दानी हुन लाग्यो। त्यो बिक्रीबाट प्राप्त रकम फेरि त्यहीं नै खर्च गरिदै थियो। एउटा सानो साधनबाट एउटा लामो यात्राको शुरुआत भयो। एकपछि अर्को शिविरको आयोजना भइरह्यो। र, उजाड वनक्षेत्रहरूमा बिस्तारै वृक्षारोपण हुन थाल्यो।

यी शिविरहरू मात्र औपचारिक थिएनन् अर्थात् झारा टराइ मात्र थिएनन्। यिनी त काम पूरा गर्नकै लागि थिए। यसैले

कहिलेकाँही यिनको अवधि बढाएर दश दिनसम्म पनि लम्बाइन्थ्यो। वनक्षेत्र, स्कुल र कहिले पञ्चायत भवनमा शिविर लाग्दथे। स्थान सार्वजनिक छ कि छैन भनेर ध्यान दिइन्थ्यो। ताकि सबैजना यसमा आउन सकून्। शिविर जहाँकहीं लागे पनि आसपासका पाँच–दशवटा गाँउका महिला–पुरुष र केटाकेटीलाई जोड्ने कोशिश हुन्थ्यो। किनभने शिविरको प्रमुख विषय नै घाँस, जंगल, पानी र खेती थियो। यसैले यससित महिलाहरू बिस्तारै जोडिदै गए। यिनै शिविरमा भएका कुराकानी र छलफलबाट हरेक गाउँको आफ्नो वन हुनुपर्छ भन्ने एउटा नयाँ विचार पनि निस्कियो। र, त्यो विचारमा दृढ रहने निर्णयसमेत गरियो। त्यो वन सघनसमेत बन्नुपर्छ भन्ने सोचाइ अघि सारियो। ताकि इन्धन, चारा आदिका निम्ति महिलाहरूको सुविधा बढ्न सकोस्। यसरी हरेक शिविरपश्चात ती गाउँहरूमा महिलाका आफ्नै नयाँ संगठन खुल्न थाले।

ती सबै 'महिला मंगल दल' भनेर चिनिए। यी महिला दल कागजी थिएनन्। यसबारे कुनै कागजमा केही लेखिएन। कुनै लेखाजोखा, रजिष्टर, दस्तावेज र विधान केही थिएनन्। ती पूरै साँच्चो मनले बनेका संगठन थिए। यसैले शिविर चलाउने प्रमुख संस्था दुधातोलीको कार्यालयमा पनि यसको गिन्ती वा बेहोरा हेरिदैनथ्यो। ती गाउँहरूमा वन बिस्तारै बाक्लिदै गए । यसैबाट यस्ता 'महिला मंगल दल' को वास्तविकता थाहा पाउन सकिन्छ।

त्यस 'महिला मंगल दल' का सदस्यहरूले पालैपालो गरेर वनको पहरा गर्दछन्। पहरा गर्ने तरिका स्वयंमा अनौठो, सुरिलो र संगीतमय छ।

**एउटा लठ्ठी छ। तर यो साधारण लठ्ठी होइन। यसको माथिल्लो भागमा दुई–चारवटा ठूला आकारका घुंगुराहरू छन्। यस लठ्ठीको नाउँ खाँकर (यो शब्द भारतको उत्तराखण्ड प्रान्तको स्थानीय शब्द) हो। यही खाँकर (Baton) लगेर महिलाहरूले वनमा पहरा गर्दछन्। पाइलैपिच्छे लठ्ठी भइँमा ठोकिन्छ। अनि खाँकरका घुंगुराहरू छर्ल्याङ– छर्ल्याङ गरेर बज्न थाल्छन्। एउटा खाँकरको संगीतमय ध्वनिले वनको शान्तिलाई चिर्दै वनको अर्को भेगमा यस्तै पहरा गरिरहेका अन्य महिलाहरूलाई एकअर्कासित जोड्ने काम गर्छ। यो संगीतमय लठ्ठी एउटा अन्य सुरिलो व्यवस्थाको अंग पनि हो। बेलुकीपख वनको पहरा गरेर महिलाहरू घर फर्किन्छन्। र, उनीहरूले आफ्नो खाँकरलाई घरको ढोका अगाडि नराखेर कुनै अर्की महिलाको ढोकामा ठड्याइ दिन्छन्। यसको अर्थ हो –भोलि त्यो घरकी महिला खाँकर लगेर वनको पहराका लागि घरबाट निस्किनु। महिलाहरूले आफ्ना बालबच्चा जस्तै पालन–पोषण गरेर वन हुर्काएका छन्। तिनको पहरा र निरीक्षण पनि यिनीहरूबाटै भएको छ। वनको स्याहार–सम्भार गर्ने यो एउटा घरेलु तरिका हो।** यो तरिका दुधातोली भेगका १३६ गाउँहरूमा स्वअनुशासन र नियम पालनाका साथ चल्दै छ। प्रायः यी गाउँहरू गोरेटो बाटोबाट बाँडिएका हुन्छन्। र, यी गाउँहरू पहाडका टाकुरा तथा फाँटमा एकअर्कासित कोसौं टाढा बसेका हुन्छन्। यिनीहरू बाहिरी पैसा र कसैको आदेशबिना नै आफ्नो तागतमा खाँकरको संगीतबाट गाँसिदै गए।

यी शिविरहरूको आयोजना सधैंभरि सजिलै भइरहन्छ भन्ने कुरो पनि होइन। बीचका केही वर्ष बडो संकटका वर्षहरू थिए। कहींकतैबाट कुनै सहयोग भएन। तर शिविरको कामको शृङ्खला भने कहिल्यै टुट्न दिइएन। गाउँलेहरूले आ–आफ्ना सीमित साधनले यो असीमित कामलाई जारी राख्ने बराबर प्रयास गरिरहे ।

सन् १९९३ को आरम्भतिरको कुरो हो। श्री सच्चिदानन्द भारतीले वनका साथै पानीको महत्त्वसमेत बुझ्न थाल्नुभयो। हिजोआज पनि पहाडमा प्रशस्त दह तथा तालतलैयाहरू पाइन्छन्। हुन त भिरालोको कारण यिनको संख्या थोरै छ। तर चाल (यो शब्द उत्तराखण्ड प्रान्तको एउटा स्थानीय शब्द हो। यसको अर्थ कुण्ड तथा दह हो। र, मानिसले नै यो पानीका निम्ति बनाउने गर्छन्। अङ्ग्रेजीमा यसलाई Pool भनिन्छ। यसबारे थप कुरा अगाडि भनिने नै छ) र खाल (यो शब्द खाल पनि पानीका निम्ति बनाइएको चालभन्दा अलि सानो रूप हो) नाउँ गरेका दुइटा अरू रूपहरू पनि यहाँ रहिआएका छन्। पछिल्लो शताब्दीमा प्रायः ती समाप्त भइसकेका थिए। दुधातोलीको उफरैंखाल नाम नै स्वयं यस कुरोको प्रतीक थियो। त्यो हो – कुनैबेला त्यहाँ पानीको राम्रो प्रबन्ध थियो। खाल (ताल वा कुण्ड) भन्दा सानो रूप हो भने चाल खालभन्दा पनि सानो रूप हो। ती उच्च पहाडका भीरपाखामा पनि बनाइन्छन्। तर यतिखेर त ती थिएनन्। नयाँ काम कसरी गर्ने ? यो एउटा गाँठी प्रश्न थियो। यसबारे सबै किंकर्तव्यविमूढ थिए अर्थात् यस सम्बन्धमा कसैलाई कुनै जानकारी थिएन। यसैले केही

पारस्परिक कुराकानी, अडकल र प्रयोगका आधारमा काम गर्न थालियो। एकातिर वनको सम्बर्धन गर्नुपरेको थियो। अर्कोतिर पहाडमा जल संरक्षणको थप कामसमेत जोडियो। एकबाट एक जोडदा योग हुन्छ– दुई। तर यस्तो नभएर एघार भइदियो। इकाइबाट इकाइ मिल्यो र कैयौं गुणा परिणामहरू अघिल्तिर आउन थाले।

दुधातोली क्षेत्रमा चाल बनाउने काम गाडखर्क र उफरैंखाल गाउँहरूबाट शुरु गरियो। यो कुरो जंगलको डढेलोझैं फैलिन थाल्यो। यस क्षेत्रका ३५ गाउँहरूमा पर्ती परेको बन्जर जमिन थियो। पानीको अभावमा त्यहाँका खेतबारीहरू बाँझो थिए । अहिले त्यहाँको वनमा ७००० चालहरू निर्माण गरिएका छन्। र, ती वर्षभरि नै चाँदीझैं चम्किरहन्छन्। यसले गर्दा गाउँका ती जमिनमा खेती भइरहन्छ। सन् १९९९ को कुरो हो । त्योबेला उत्तराखण्डका धेरैजसो ठाउँहरूमा पानीको हाहाकार पऱ्यो। यसैले त्यहाँ अनिकाल पर्दै थियो। तर दुधातोली क्षेत्रको कुरो अर्कै थियो। त्यहाँ अप्रिल, मई र जून महिनामा पनि चालहरू पानीले लबालब थिए। सन् २०१० को कुरो हो। यतिखेर त्यस भेगमा २०,००० सानातिना चालहरू भरिएका छन्।

अब फेरि चालहरूको चलनचल्ती हुन थाल्यो । परिणामस्वरूप यस भूभागमा अनेकानेक परिवर्तनहरू भए। त्यस्तो बन्जर वनभूमिमा पनि वर्षैभरि पानी रहन थाल्यो। यहाँका पर्ती परेका खेतमा फेरि बालीनाली लगाउने तयारी गरिदै छ। यही

कारण प्रकृतिले स्वयं आफ्ना अदृश्य शक्तिको माध्यमबाट त्यहाँ घाँस र बोटवृक्ष उमार्दै छ। राम्ररी पलाएका वनहरू अझ झन् बढी बाक्लिदै छन्। घाँस, चारा, इन्धन र पानीबिना पर्वतीय व्यवस्था धराशायी भइसकेको थियो। आजभोलि फेरि त्यहाँ जीवनको मधुर संगीत फर्केको छ। यहाँ एउटा नारा पनि बडो प्रचलित छ – 'घाँस, चारा, पानी– यों के बिना योजना कानी'।

चालको काम झाँगिदै छ। यसले वनमा लागेको डढेलोलाई निभाउने अद्‌भूत भूमिका निर्वाह गरेको छ। उत्तराखण्ड र यस्तै देशका अरू पहाडी भेगमा हरेक वर्ष गर्मी याममा ठूलो मात्रामा डढेलो लाग्ने घटनाहरू भइरहन्छन्। अहिलेसम्म वन विभागले आगो निभाउने प्रभावकारी तरिका निकाल्न सकेको छैन। यसबारे बहस चल्दा त्यसले रूस्, ग्रीस्, स्पेन्, अमेरिका र आष्ट्रेलियाका वनक्षेत्रका उदाहरण अघि तेर्स्याउने गर्दछ। खास गरी त्यसले हेलिकप्टर उपयोग गर्ने वकालत गर्दछ। त्यहाँ यसबाट पनि आगो निभ्दैन भन्ने कुरो उसले भुसुक्क बिर्सिदिन्छ। यस्ता डढेलोका घटनाहरू वर्षानुवर्शी बढ्‌दै छन्।

डढेलोको समस्या एउटा ठूलै समस्या हो। बर्खे पानी पहाडका टाकुरा हुँदै बेसी र नदीमा मिसिन्छ। हिउँद त ठिकै बित्छ। तर ग्रीष्म ऋतु आउनेबित्तिकै सारा वनक्षेत्र तात्तिन्छ। घाँस सुक्छ र सारा वनले सुकेको घाँसको थुप्रोमा सलाईको एउटा झिल्को पर्खिरहेको हुन्छ। सन् १९९८, मई महिनाको समय थियो। त्योबेला करिब ८०,००० हेक्टर वनक्षेत्र आगो लागेर स्वाहा भएको

थियो। देशमा प्रतिवर्ष डढेलोबाट झण्डै ४५० करोड रुपैयाँको हानि हुन्छ। तर मूल्यवान वन, बोटवृक्ष, घाँस, चारा एवं वन्य जीवजन्तुको नोक्सानलाई तपाई–हामीले सरकारी तथ्याङ्क र रुपैयाँमा नाप्न सक्दैनौँ। प्रकृतिले वर्षौंदेखि मेहनत गरेर समाजका निम्ति पुस्तौं–पुस्तौंसम्म पुग्ने सुविधा सँगालेको हुन्छ। यो रक्षाको सर्वोत्तम कवच पनि हो । तर कहिलेकाँही अनिकाल र बाढीले हेर्दाहेर्दै सबथोक सखाप पार्छ।

दुधातोलीमा पानीका निम्ति चाल र खाल (दह वा कुण्ड) बनाउने काम थालनी गरियो। अनि त्यसपछि त्यहाँका वनमा डढेलो लाग्न छोड्यो अर्थात् वन डढेलोबाट जोगियो, सुरक्षित भयो। त्यहाँका सबै वनमा चालहरू बनेका छन्। यसैले त्यहाँ प्रचण्ड गर्मीको मौसममा पनि चिस्यान भइरहन्छ । र, यही कारण त्यहाँ हरियाली रहिइरहन्छ । कतै आगो लागिहाल्यो भने पनि के गरौं, कसो गरौं भनी आत्तिनु पर्दैन। भरनों नाउँ गरेको एउटा गाउँ छ। त्यस गाउँको आफ्नै हुर्क्याएको वन छ। मई, १९९८ मा त्यसमा आगो लागेको थियो। तर चालहरूले गर्दा त्यसलाई छिटै नियन्त्रण गरियो। तर त्यही गाउँको नजिकैको सरकारी वन आगोबाट बच्न सकेन। यस्तै जन्द्रिया गाउँको सरकारी वन पनि आगोमा बलि चढ्यो। त्यहाँ वन विभागले डढेलोबाट बचाउने अपिल गर्दछ। ऊ यस खालका बोर्डसमेत लगाउन आउने गर्छ। तर डढेलो निभाउन भने आउँदैन। गाउँमा चाल बनाएर मानिसहरूले वन सुरक्षित गरेका छन्। र, उनीहरूले सरकारी वनमा लाग्ने आगो पनि आफ्ना चालबाट निभाउने प्रयास गरेकै हुन्छन्। सन् १९९८ को

मई महिनामा सरकारी वनमा आगो लाग्यो । र त्यस आगोलाई निभाउने प्रयास गर्दागर्दै तीनजना महिलाहरू डढेलोमा मरेका थिए।

यतिखेर यस्ता चाललाई जल तलाई (कुण्ड) पनि भन्ने गरिन्छ। यिनले गाउँका शासकीय जल प्रदाय योजनालाई समेत नयाँ जीवन प्रदान गरेका छन्। उत्तराखण्डका अनेकौं गाउँहरूमा पानीको कमी हुन लागेको छ। हिमालयलाई पानी र नदीको माइती घर पनि भनिन्छ। तर पानीको माइती घरमा नै पानी पाइन्न। योभन्दा लाजमर्दो कुरो अरू के हुन सक्छ र! स्वजलजस्ता खर्चिला योजनाहरूले त्यहाँ निकै पैसा बगाए। तर पानी भने बग्न पाएको छैन। एउटा सीमित क्षेत्रमा नै सही तर गाउँलेका चालले त्यहाँ पानीको प्रश्नको समाधान गरेर देखाइदिएका छन्। अब त्यहाँ पूरै वर्षभरि पर्याप्त पानी हुन्छ। चालले सुकेका नाला, खोल्सा–खोल्सी र, साना नदीलाई पनि सरस गरिदिएका छन्।

उफरैंखालको वनबाट एउटा सुखारौला नदी निस्किन्छ। बर्खा याममा त्यो नदीको भल उर्लिएर नोभेम्बरमा सुकिहाल्थ्यो। यसैले यसको नाउँ नै सुखारौला जुराइएको थियो। यहाँ सन् १९९३ देखि १९९८ सम्म करिब १००० जल तलाईहरू बनेका होलान्। यी सबैमा सञ्चित जलको एक–एक थोपाले सुखारौलाको स्वभावलाई बदल्यो। सुक्खा दिनमा समेत त्यसमा पानी थियो। तर धैर्य राखेर त्यसको नाउँ नफेर्ने निर्क्यौलमा गाउँलेहरू पुगे। जनवरी

२००१ मा समेत सुखारौला सुकेन। गाउँलेहरू कृतज्ञ थिए। अब यिनीहरूले यसको नयाँ नाउँ राख्ने निधो गरे। नयाँ नाउँ के राख्ने? यो काम त्यति सजिलो भने थिएन। तर यो अफ्ठेरो कामलाई गाउँलेहरू मिलेर पूरा गरेका थिए। उनिहरूले त्यस कामलाई श्रद्धाले गंगाका साथ जोड्ने नै उचित ठाने। गाउँको नाउँ गाडखर्क छ भने नयाँ नदी गाडगंगा भयो। हिजोआज गाडगंगा वर्षभरि नै सलल बगिरहन्छ। र, फेरि पसोली नदीमा मिसिएर यसले त्यसलाई अझ समृद्ध गर्दै छ।

यी चालहरू स्वयं धेरै नै साना हुन्छन्। तर यिनीले हिमालयका यी गाउँहरूलाई उदरताका साथ राम्रै फाइदा बाँडेका छन्। यो सानोपनमा नै तिनको गौरव लुकेको छ। ठाउँ पाइयो भने ५ देखि १० घनमिटरका आकारमा जल तलाई (कुण्ड) बनाइन्छ। यसले स्वयंमा कुनै चमत्कार गर्न सक्दैन। चमत्कार त यसको शृङ्खलामा लुकेको हुन्छ। जब माथिदेखि तलसम्म पूरै भीरपाखा र अनेकौं चालहरूबाट ढाकिन्छन्। अनिमात्र त्यहाँ पानीको अक्षय भण्डार तयार हुन्छ। पानी त्यहाँबाट यताउता हुँदै बग्छ। यसैले जल तलाई पनि यहाँत्यहाँ नै बनाइन्छ। र, यसरी हरेक ठाउँमा पानी जम्मा हुन्छ। यी सबमा सङ्ग्रह गरेर राखिएको पानी स–साना प्वालहरूबाट बिस्तारै रसाएर तल फाँटसम्म आउँछ। यहाँ फाँटमा चालहरूबाट आएको पानीले गर्दा ठूला ढाँचाका अर्थात् खाल वा

ताल बनाइएका हुन्छन्। यिनमा पनि अहिले वर्षभरि पानीको भण्डार भइरहन्छ।

चाल (कुण्ड) साना आकारका हुन्छन्। र, यसको लागत खर्च पनि थोरै हुन्छ। करिब ५० देखि १००–२०० रुपैयाँमा एउटा चाल (कुण्ड) बन्छ। बनाउनेले पनि यसलाई आफ्नै काम सम्झेर प्रेमपूर्वक बनाउँछ। यसैले रुपैयाँ ५०–१०० को सहयोग पनि कम मान्दैनन्। यो बनाउँदाखेरि उनीहरूले आफूलाई कसैको मजदुर हुँ भन्ने कुरो पनि ठान्दैनन्। उनीहरू यसका मालिक हुन्। र, यिनको स्वामित्वबाट सामाजिक समृद्धि साकार हुन्छ। यस्तो सुदृढ समृद्धिले सम्पूर्ण समाजको आत्मविकास र स्वाभिमान बढाउने काम गर्छ। उनीहरूको शिर ठाडो हुन्छ। यदि एक्कासि कुनै ठूलो तर अव्यावहारिक योजना त्यहाँ आयो भने पनि मानिसका खुट्टा लरबराउँदैनन्।

सन् १९९८ मा एउटा यस्तै योजना यस भेगको पूर्वी नयार उपत्यकामा आएको थियो। यसको काम जलागम विकासको काम थियो। यस योजनालाई विश्व बैंकजस्तो सम्पन्न संस्थाले सर्मथन गरेको थियो। तर यी गाउँहरूले त्यसलाई समर्थन र स्वीकार गरेनन्।

त्यो काम त्यही थियो जो यी गाउँलेहरूले गर्दै आएका थिए। जस्तै वनको विकास, जलागम क्षेत्रको विकास आदि। त्यस योजनामा पैसाको कुनै कमी थिएन। अझ भन्नुपर्दा, पैसाको छेलोखेलो नै थियो, फालाफाल थियो। पूरै योजनाको लागत खर्च ९० करोड

रुपैयाँ थियो। यस योजनाको बखान गर्ने बोर्डहरू गाउँ–गाउँमा लगाइए। सच्चिदानन्द भारतीजीले यसबारे वन विभागका सम्बन्धित अधिकारीहरूलाई एउटा चिटमा चिट्ठी लेख्नुभएको थियो। उहाँले त्यसमा बताउनुभयो कि गाउँलेहरूले स्वयं नै बिनाबाहिरी, विदेशी वा सरकारी सहयोगले यस क्षेत्रमा वन र पानीको राम्रो काम गरिसकेका छन्। यहाँ यो ६० करोड रुपैयाँले अरू के काम गर्न गइरहनुभएको छ, तपाईले ? यदि मेरो कुरोमा विश्वास छैन भने केही योग्य अधिकारीहरूको एउटा टोली यहाँ खटाएर जाँच गराउनुहोस्। र, यदि मेरो कुरो सही लाग्यो भने कृपया यस योजनालाई यहाँबाट फिर्ता लिनुहोला।

सायद पहिलोपटक देशमा यो कुरो भएको होला। साँच्चीकै वन विभागको एउटा टोली यहाँ आयो। यस क्षेत्रमा पहिलेदेखि लागेका, हुर्केका, पालिएका सुन्दर घना वन देखेर उनीहरू छक्क परे, चुपचाप फर्के। यतिमात्र कहाँ हो र, उनीहरूले त्यो ६० करोडको त्यत्रो योजना पनि फिर्ता गरेर लगे।

सरकारी र विदेशी पैसाबिना नै एक शताब्दीदेखिका गल्तीहरूलाई २० वर्षमा सुधार गर्न सकिन्छ। तर यसका लागि आफ्नो र थोरबहुत शुभचिन्तकहरूको सहयोग चाहिन्छ नै। वन वरिपरिका र हिमालयका धेरथोर गाउँलेहरूले निश्चय गरे भने यत्रो ठूलो काम खडा गरेर देखाइदिन सक्छन्। यसमा उत्तराखण्डको मात्रै होइन, सम्पूर्ण पहाडी भेगको सुधारको बीज लुकेको छ।

यो साध्य पर्वत जस्तै छ। यसको प्राप्तिको निम्ति 'दुधातोली लोक विकास संस्थान' का कार्यकर्ताहरूलाई बुझ्नु जरुरी छ। उनीहरूले साधनका सम्बन्धमा पनि एउटा बेग्लै साधन प्रयोग गरेका छन्। त्यो संस्थाले १३६ वटा गाउँहरूमा यति राम्रो काम गरेर देखाएको छ। तर नभनीनहुने एउटा कुरो पनि छ। त्यो हो – त्यो संस्थामा पाँचजना कार्यकर्ताहरू मात्रै छन्।

त्यस संस्थाका प्रमुख हुनुहुन्छ– श्री सच्चिदानन्द भारती । वहाँ उफरैंखालको इण्टर कलेजमा शिक्षक हुनुहुन्छ। वहाँले तलब शिक्षा विभागबाट पाउनुहुन्छ। वहाँले विद्यार्थीहरूलाई प्रेमका साथ पढाउनुहुन्छ। र, बचेको पूरै समय वहाँले समाज सेवामा लगाउनुहुन्छ। भारतीजीले शिक्षा र समाज सेवाको शिक्षालाई साँच्चीकै बडो महत्त्व दिनुभएको छ। यसैले वहाँले यस किसिमको शिक्षालाई चारैतिर फैलाउनुभएको छ। अर्का कार्यकर्ता श्री दिनेश हुनुहुन्छ। अहिले वहाँ यस संस्थाका मन्त्री हुनुहुन्छ। वहाँले उफरैंखाल गाउँमा नै औषधीको एउटा सानो पसल खोल्नुभएको छ। समाज र संस्थाको काम आइपऱ्यो भने दुकान बन्द गरेर उहाँले सेवाको ढोका उघार्नुहुन्छ । वहाँले पनि यस संस्थाबाट तलब लिनुहुन्न। तेस्रो कार्यकर्ताको नाउँ श्री दीनदयालजी हो। वहाँले आजीविकाका लागि हुलाकीको काम गर्नुहुन्छ। वहाँले चिट्ठीपत्र आदि त बाँड्नु नै हुन्छ। यसका साथै वहाँले दुधातोली संस्थाका माध्यमबाट मानिसका दुःख्खकष्ट पनि बाँड्नुभएकै हुन्छ। वहाँले आफ्नो क्षेत्रमा पर्यावरण सम्बर्धनको चिट्ठीपत्र पनि टाढा–टाढासम्म पैदलै

पुऱ्याउनुहुन्छ। र, सबैले वहाँको यस पत्रलाई पढ्छन्। चौथो हुनुहुन्छ– विक्रमजी । वहाँले पनि डुलमोट गाउँमा आफ्नो पैतृक राशन–गल्लाको पसल हेर्नुहुन्छ। पाँचौ हुनुहुन्छ– हरि सिंहजी। वहाँले खेती गर्नुहुन्छ। यस्तै यस संस्थाका स्वयं सेवकहरू पनि छन्। उनीहरू करिब एक सय गाउँहरूमा फैलिएका छन्। यिनको संख्या लगभग एक हजारजति होला । यिनीमध्ये महिलाको संख्या नै पाँच सय होला। यिनीहरूले बिहानदेखि साँझसम्म खाँकर लगेर आ–आफ्ना वनहरूको रखवारी गर्दछन्।

संस्थाको खर्च र यत्रो ठूलो कामको लागि साधन जुटाउनुपर्ने हुन्छ। तर भारतीजीले पहिलो दिनमा नै विदेशी पैसा नलिने नियम पक्का गरिसक्नुभएको थियो। अरू पनि समाजसेवी संस्थाहरूले यस्तो नियम बनाएका हुन्छन्। तर पछि गएर समय र परिस्थितिले गर्दा आवश्यक पऱ्यो भने नियम पनि भंग गर्छन्। तर दुधातोलीमा अहिलेसम्म विदेशी पैसा नलिने भीष्म प्रतिज्ञा गरिएको छ।

साधन जुटाएर यति किफायतले खर्च गरेको असर अरूलाई पनि पर्छ। यो संस्था एउटा रजिष्टर्ड संस्था हो। हरेक वर्ष उसले आफ्नो आम्दानी र खर्चको अडिट गराउनुपर्छ। तर अडिटरले यस संस्थाका निम्ति निशुल्क सेवा गर्दै आएका छन्। संस्थाले पनि सम्पूर्ण अडिट रिपोर्ट यस भेगका साना–ठूला अखबारलाई वितरण गरिदिन्छ। यसलाई छापेर उनीहरूले सार्वजनिक बनाइदिन्छन्। यसरी सार्वजनिक कार्यको जानकारी सार्वजनिक भइहाल्छ।

यस भेगका यी गाउँहरू अन्दाजी चार हजार फीटदेखि सात हजार फीटको उँचाइमा स्थित छन्। यहाँ वर्षभरि नै निकै चिसो हुन्छ। हिउँदमा अधिकांश भाग हिउँले ढाकिएको हुन्छ। यस्तो चिसो ठाउँमा वनस्पतिको विस्तार पनि बिस्तारै हुने गर्छ। र, त्यहाँको मूल्यवान उब्जाउ माटो पनि सुस्तरी तयार हुन थाल्छ। तर पहाड सुइरोजस्तो भिरालो छ। यही कारण बर्खा याममा मूल्यवान माटो तल्लो फाँटबेसीपट्टि बग्न बेरै लाग्दैन। त्यहाँ बग्ने पानीको धार तेजिलो हुन्छ। यसैले यसले तीव्र गतिका साथ माटो काटेर बगाएर लैजान्छ। यस स्थितिमा माटो र पानीको संरक्षण गर्ने काम दुई–चार वर्ष अपुग हुन्छ। साँच्चै भन्ने हो भने यसले केही शताब्दीसम्मको समय लिन पनि सक्छ।

यसैले दुधातोलीको यो काम बडो धैर्यका साथ अघि बढ्दै छ। यसको लक्ष्य संख्या, रुपैयाँ–पैसा र तथ्याङ्क होइन, बरु खुरुखुरु इमानदारीका साथ काम गर्नु हो। यसोहुँदा दुधातोलीको यो टोली सायदै कहिले आफ्नो क्षेत्र छोडेर बाहिर निक्लिन पाउला। कहिलेकाँही यहाँ बाहिरका केही मित्र एवं शुभचिन्तक आइपुग्छन्। उनीहरू आए भने बडो आत्मीयताका साथ स्वागत गरिन्छ। देवपूजनमा पैंयुका सादा पात चढाइन्छ। यसैका पातले माला बनाएर यसमा लाली गुराँसका एकाध फूल गाँसेर भव्य माला बनाइन्छ। यसले पूरै गाउँको आतिथ्य भावनालाई आनन्दमा बदलिदिन्छ। त्यहाँका खेत र वनका फूलले शिविरलाई नयाँ

ढंगमा रंगाइदिन्छन्। संगीत मण्डलीको स्वर, ढोल, दमाहा र नरसिङ्गा बजेर बेसीभरि नै गुञ्जिन लाग्छ। यस्ता कार्यक्रमले माटो र पानी दुवैलाई रोक्नका लागि सघाउने काम गरेको हुन्छ।



(मध्य प्रदेश सरकारले सन् २०११ को आफ्नो प्रतिष्ठित महात्मा गान्धी सम्मान

'दुधातोली लोक विकास संस्थान' लाई प्रदान गरेको छ।)

– अनुपम मिश्रद्वारा लेखिएको यो लेख गान्धी शान्ति प्रतिष्ठान, नयाँ दिल्लीको पत्रिका गान्धी मार्गमा नोभेम्बर– दिसेम्बर २०११ को अंकमा छापिएको छ।